


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २२ ❑ अङ्क २३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ १६ गते बुधबार ❑ 1 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## मुख्यमन्त्री र पूर्व प्रम भट्टराई भेट, गठबन्धनलाई मजबुत बनाउन जोड

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौ

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईबीच मंगलबार भेट भएको छ। मुख्यमन्त्री निवासमै भएको भेटघाटमा पूर्वमन्त्री भट्टराईले प्रदेशमा नयाँ सरकार गठन भएपछि विकसित घटना र कार्यप्रगतिका बारेमा जानकारी दिए।



जनता समाजवादी पार्टीका संघीय परिषद अध्यक्ष समेत रहेका भट्टराईका साथमा उक्त पार्टीका गण्डकी प्रदेश संयोजक मोति रिजाल, गण्डकी प्रदेशका ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्री हरिशरण आचार्य थिए। विशेष राजनीतिक परिवेशमा प्रदेश र संघमा गठनबन्धनको सरकार बनेको र सानातिना मतभेदलाई पन्छाउँदै अगाडि बढ्नुपर्नेमा दुवैजनाको जोड थियो। मुख्यमन्त्री पोखरेलले छोटो अवधिमा नीति तथा कार्यक्रम र बजेट ल्याउँदा भएका कतिपय त्रुटि र कमजोरी सच्याउँदै अगाडि बढ्नुपर्ने अवस्था रहेको बताए।

बहुवर्षे योजनाका कारण विकासको धेरै बजेट चलाउन नपाउने अवस्था रहेको भन्दै मुख्यमन्त्री पोखरेलले बाँकी रकमबाट बजेट बनाउँदा कतिपय सालबसाली योजना छुटेको बताए। प्रदेशको क्षमता अनुसारको योजना अगाडि बढाउनका लागि काम सुरु भइसकेको र केही ठूला योजनाका लागि संघ सरकारबाट थप रकमको अपेक्षा गरिएको उनको भनाइ थियो। बाढीपहिरोका कारण अहिले प्रदेशका ११ वटै जिल्ला प्रभावित भएकाले तत्काल राहत र उद्धारका काम भइरहेको र ठूला संरचनामा पुगेको क्षति पुनर्निर्माणका लागि संघ सरकारको भर परेको मुख्यमन्त्री पोखरेलले बताए। पूर्व प्रधानमन्त्री भट्टराईले गठबन्धनलाई अझै दरिलो कसरी बनाउने भन्ने बारेमा आफूहले निरन्तर छलफल गरिरहेको भनाइ राखे। यो सरकारलाई असफल हुने छु नरहेको भन्दै उनले ससाना मतभेदलाई भित्रै मिलाएर लैजान उनले सुझाए। नागरिकका अपेक्षा अत्यधिक रहेको अवस्थामा प्राथमिकता निर्धारण गरेर जान उनले आग्रह गरे।

प्रदेशमा पृथ्वीसुब्बा गुरुङ नेतृत्वको सरकार ढलेपछि जेठ २३ मा नेपाली कांग्रेका कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वमा गठबन्धन सरकार बनेको छ। गठबन्धनमा नेकपा माओवादी केन्द्र, राष्ट्रिय जनमोर्चा, जनता समाजवादी र एकजना स्वतन्त्र सांसद छन्।

## आयुर्वेद चिकित्साबाट पर्यटक तान्न सकिन्छ : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौ

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशलाई आयुर्वेद चिकित्साको केन्द्र बनाउनुपर्ने बताएका छन्। मंगलबार पोखरामा सुरु भएको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले पोखरामा गरेको वार्षिक समीक्षा गोष्ठीमा उनले विश्वभरका पर्यटक तान्न सफल गण्डकीमा आयुर्वेद चिकित्सको प्रचुर सम्भावना रहेकाले त्यसै अनुसार विकास गर्दै लैजानुपर्नेमा जोड दिए।



सानो भूगोल भए पनि गण्डकी प्रदेशमा धेरैथरी औषधीजन्य जडिबुटी रहेको सन्दर्भ उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले आयुर्वेद चिकित्साका माध्यमबाट पनि पर्यटक तान्न सकिने भनाइ राखे। पोखरा र आसपासका पदमार्गहरुमा नियमित योग सञ्चालन गर्न सकिने भन्दै उनले युरोप, अमेरिका लगायतका मुलुकबाट आएका पर्यटकको बसाइ लम्ब्याउन पनि यो विधि सहयोगी हुने बताए। राणाकालको समाप्तिसँगै तनहुँको बन्दीपुरका कविराज कृष्णकान्त अधिकारीलाई आयुर्वेद चिकित्सा हेर्नेगरी महानिर्देशकको जिम्मेवारी दिइएको स्मरण गर्दै मुख्यमन्त्री पोखरेलले नेपालमा आधुनिक चिकित्सा भित्रिनुभन्दा पहिला सरकारी चिकित्साको क्षेत्रमा आयुर्वेदलाई नै अवलम्बन गरिएको भनाइ राखे। गण्डकी प्रदेशका ८५ मध्ये ७६ स्थानीय तहमा आयुर्वेदका स्वास्थ्य संस्था रहेका बाँकी पालिकामा पनि पूरा गरिँदै लगिने मुख्यमन्त्री पोखरेलले बताए। उनले भने, 'प्रदेशभित्र सय शय्याको आयुर्वेद चिकित्सालय बनाउने काम पनि सुरु भइसकेको छ, यसै वर्ष डिपिआर तयार हुन्छ।' जिल्लास्थित आयुर्वेद केन्द्रको भौतिक पूर्वाधार स्तरोन्नती गर्दै लैजान प्रदेश सरकार क्रियाशील रहेको उनले उल्लेख गरे।

गण्डकी प्रदेशमा रहेका बहुमूल्य जडिबुटीको संरक्षण र अधिकतम उपयोगका साथै किसानलाई जडिबुटी खेतीतर्फ आकर्षित गर्न आर्यआर्जनको व्यवस्था मिलाउन सके उनीहरुलाई आत्मनिर्भर बनाउन सकिने मुख्यमन्त्री पोखरेलको भनाइ थियो। प्रदेशले स्वास्थ्य नीति ल्याउन लागेको जानकारी दिँदै उनले त्यसमा पनि आयुर्वेद र वैकल्पिक चिकित्साका विविध क्षेत्रलाई समेट्ने खालका नीति ल्याउन थालिएको बताए। कार्यक्रममा गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसंख्या सचिव डा. विनोदबिन्दु शर्माले आयुर्वेद चिकित्सालाई पर्यटनसँग जोड्ने अगाडि बढ्न गण्डकी सरकार आतुर रहेको बताए। पदमार्गहरुमा प्राकृतिक उपचार केन्द्र स्थापना गर्नुपर्ने उनको भनाइ थियो। आयुर्वेद तथा चिकित्सा विभागका महानिर्देशक डा. वासुदेव उपाध्यायले जहिल्यै पनि जडिबुटी र जलस्रोतको सम्भावनाका बारेमा चर्चा भएजति उपयोग गर्न नसकिएको भनाइ राखे। स्वास्थ्य जीवनशैली, सुरक्षित मातृत्व, ज्येष्ठ नागरिक उपचार, विद्यालयस्तरमै नैतिक शिक्षा र योगलाई समेट्दै विभागले काम गरिरहेको बताए।

पञ्चकर्म र योग शिक्षालाई चालु पञ्चवर्षीय योजनाले समेटेको, संविधानले पनि सुनिश्चितता गरेको भए पनि यो क्षेत्र जनशक्ति र इच्छाशक्तिको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्की जिल्ला र पोखरा महानगरमा एकीकृत समाजवादीको कमिटी

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट विभाजित बनेर दर्ता भएको नेकपा (एकीकृत समाजवादी) पार्टीले कास्की जिल्ला र पोखरा महानगर कमिटी गठन गरेको छ।

र्टी अध्यक्ष एवं तत्कालीन एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल पक्षले एमालेमा रहँदा नै जिल्लामा समानान्तर कमिटी गठन गरेकामा आज दुवै कमिटीको संयुक्त बैठक बसेर एकीकृत समाजवादी पार्टीमा रुपान्तरण भएको हो। जिल्ला कमिटीमा धनराज आचार्यको अध्यक्षतामा १८५ सदस्यीय जिल्ला कमिटी र मुक्तिनाथ पौडेल अध्यक्ष रहनुभएको १४१ सदस्सीय महानगर कमिटी गठन गरिएको पार्टीका युवानेता पूर्ण लामाले जानकारी दिनुभयो। जिल्ला कमिटीको सचिवमा होम नेपाली चयन हुनुभएको छ। नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य तुलबहादुर गुरुङ, चूडामणि जङ्गली, शारदाप्रसाद सुवेदी र श्रीनाथ बरालको उपस्थितिमा कमिटी घोषणा गरिएको थियो। पार्टी केन्द्रीय सदस्य गुरुङले सिद्धान्तको कार्यान्वयन र वैचारिकरूपमै मतभेद भएका कारण एमालेबाट विद्रोह गर्नुपरेको बताउनुभयो। उहाँले भन्नुभयो, "एमालेमा पदका लागि विद्रोह गरिएको होइन, कम्युनिष्ट मूल्य, मान्यताभन्दा बलमिच्याइँले अगाडि बढ्ने काम भएको र त्यागी, इमानदार कार्यकर्ताको संरक्षण नहुने अवस्था आएकाले कम्युनिष्ट आन्दोलन सही ढङ्गले हाँक्न र जनताको सेवा गर्नका लागि विद्रोह गर्यौं।" जिल्ला अध्यक्ष आचार्यले यही भदौ १८ देखि २१ गतेभित्र जिल्लाका सबै स्थानीय तह र वडामा पार्टी कमिटी गठन गरिने जानकारी दिनुभयो।

## एक हजार ६६४ संक्रमित, २० को निधन

रासस
काठमाडौं, १५ भदौ

कोरोना भाइरसको सङ्क्रमण मंगलबार एकै दिन एक हजार ६६४ जनामा सङ्क्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार विगत २४ घण्टामा १२ हजार २२२ जनामा परीक्षण गर्दा एक हजार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीमा ३१९ कोरोना संक्रमणमुक्त, २ को मृत्यु

पोखरापत्र संवाददाता
गण्डकी, १५ भदौ

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ३१९ जना कोरोना सङ्क्रमण मुक्त भएका छन्। यस अवधिमा २९७ जना कोरोना सङ्क्रमित थपिएका छन्।

प्रदेशमा पछिल्लो २४ घण्टामा दुई जना कोरोना सङ्क्रमितको मृत्यु भएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र, गण्डकी प्रदेशका संयोजक नवराज शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार मृत्यु हुनेमा लमजुङको बेँसीसहर नगरपालिका-११ का ६७ वर्षीया महिला र म्याग्दीको बेनी नगरपालिका-२ का ७२ वर्षीय पुरुष हुनुहुन्छ। योसँगै प्रदेशमा कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक हजार २ ९५ पुगेको छ।

प्रदेशमा हालसम्म ८१ हजार ५७५ जना कोरोना सङ्क्रमित भएकामा ७७ हजार २२ सङ्क्रमणमुक्त भएका छन्। प्रदेशमा हाल तीन हजार २५८ जना सक्रिय सङ्क्रमित र दुई हजार ८९३ जना होमआइसोलेसनमा रहेको निर्देशनालयले जनाएको छ।

## गणेश भट्टराईको नेपाली काँग्रेस प्रवेशले कास्की उत्साहित : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौ

गण्डकी प्रदेशका कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकुमार थापाले पर्यटन व्यवसायी गणेश बहादुर भट्टराई सहित १२ जनाको नेपाली कांग्रेस प्रवेशले कास्की जिल्ला उत्साहित भएको बताउनुभएको छ। नेपाल पर्यटन व्यवसायी संघ (निट) ले आयोजना गरेको स्वागत तथा बधाई कार्यक्रममा बोल्दै मन्त्री थापाले भट्टराईको पार्टी प्रवेशले कास्कीमा संगठन थप बलियो भएको उल्लेख गर्नुभयो।



उहाँले भट्टराईको आगमनले कार्यकर्ता र पार्टी पंक्तीमा थप हौसला मिलेको बताउनुभयो। मन्त्री थापाले नेपाली कांग्रेसलाई कास्कीमा बलियो बनाउन गणेश भट्टराईको भूमिका महत्वपूर्ण रहने विश्वास गर्नुभएको छ।


उहाँले व्यवसायीक क्षेत्रका व्यक्तिहरु पनि विस्तारै राजनीतिक क्षेत्रमा आबद्ध हुनुपर्नेमा जोड दिनुभयो। 'व्यवसायिक व्यक्तिको मर्का व्यवसायिक व्यक्तिले बुझ्छ', उहाँले भन्नुभयो,' त्यसैले राजनीतिमा अब व्यवसायिक व्यक्तिको प्रवेश हुनुपर्ने आवश्यकता छ।' कोरोनाले थलिएको पर्यटन क्षेत्रलाई चलायमान बनाउन आफु प्रतिबद्ध रहेको मन्त्री थापाले बताउनुभयो। उहाँले खोपको उचित व्यवस्थापन गरी लामो समयदेखि बन्द रहेको पर्यटन क्षेत्रलाई माथि उकास्नुपर्ने आवश्यकतालाई औंल्याउनुभएको छ।

मन्त्री थापाले लेकसाइड राति ८ बजेसम्म मात्र नभई ११ बजेसम्म नै खुल्ने वातावरण मिलाउन आफुले सक्दो प्रयास गरिरहेको जानकारी गराउनुभयो। आवश्यक खोपको सुनिश्चितता गरी गण्डकी प्रदेशको ट्रेकिङ एरियालाई समेत खोल्नुपर्ने विषयमा मन्त्री थापा प्रतिबद्ध हुनुहुन्छ। उहाँले भन्नुभयो, 'पर्यटन व्यवसाय चल्यो भने अरु व्यवसाय चल्छ। लेकसाइड राम्रो सँग चलेको खण्डमा महेन्द्रपुलका पसलहरुको व्यापार व्यवसाय राम्रो हुन्छ। त्यसैले अब हाम्रा ट्रेकिङ एरियाहरुलाई समेत विस्तारै खोल्नुपर्छ। यसमा म प्रतिबद्ध छु।'

पर्यटन क्षेत्रको विकासका लागि प्रदेश सरकारको तर्फबाट आफ्नो पहल कदमी रहने तर यसमा पर्यटन व्यवसायीहरुको समेत सहयोगको अपेक्षा मन्त्री थापाले गर्नुभएको छ।

पोखराका पुराना पर्यटन व्यवसायी तथा भर्खरै मात्र नेपाली काँग्रेस प्रवेश गर्नुभएका गणेश बहादुर भट्टराईले विचारले आफु काँग्रेसमा प्रवेश गरेको बताउनुभयो। उहाँले राजनीति भीडमा नभई विचारमा हुनुपर्ने आवश्यकतालाई औंल्याउनुभएको छ। कुनै पनि देशको बेस राम्रो नभए देश नरहने भनाई भट्टराईको छ। आज आफुलाई देश कमजोर भएको महसुस भएर नेपाली काँग्रेसमा प्रवेश गरेको उहाँले बताउनुभयो। 'मेरो प्रवेशले पदका लागि काँग्रेस प्रवेश गरेको हो भन्ने कुरा उठेको छ। म पदका पछाडि लाग्ने मान्छे होइन। विचारको राजनीति गर्न आएको हुँ।', उहाँले भन्नुभयो। आफु पर्यटन क्षेत्रबाट राजनीतिमा आएकाले सिङ्गो पोखराको पर्यटन क्षेत्रको विकासमा टेवा पुग्ने गरी सेवा प्रदान गर्ने प्रतिबद्धता उहाँको छ। निटका अध्यक्ष सोम थापाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ६ का वडाध्यक्ष जगत बहादुर पहारी, टेवान संस्थापन अध्यक्ष लक्की क्षेत्री, युवा पर्यटन व्यवसायी हेमराज अधिकारी, नेपाली काँग्रेस वडा ६ का इकाई सभापति बलराम गिरी लगायतले बोल्नुभएको थियो।

गणेश भट्टराई सहित गोपीबहादुर भट्टराई, धर्मेन्द्र कुमार बाटाजु, अशोक कुमार भण्डारी, जीवन भट्टराई, ई.विकाश भट्टराई, ई. विशेष थापा, जयराम तिमिल्सिना, सुनिल बहादुर भट्टराई,अमित थापा, सरोज भट्टराई र अमृत ढकाल काँग्रेसमा प्रवेश गर्नुभएको हो।



# नेकपा (एकीकृत समाजवादी) स्याङ्जाको अध्यक्षमा भट्टराई

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १५ भदौ

नेकपा एमालेबाट बिद्रोही गरेर फुटेको नेपाल कम्युनिष्ट (एकीकृत समाजवादी) पार्टी स्याङ्जाको अध्यक्षमा रामचन्द्र भट्टराई चयन भएका छन् ।

माधब कुमार नेपालले नेतृत्व गरेको नेकपा (एकीकृत समाजवादी) पार्टी गठन भएपछि स्याङ्जामा भट्टराईले अध्यक्षको नेतृत्व गरेका हुन् । नेकपा एमालेमा विवाद शुरु भएपछि समानन्तर कमिटी गठन भएको स्याङ्जामा सोही कमिटीलाई रुपान्तरण गरी पार्टी गठन भएको अध्यक्ष भट्टराईले बताए । समानन्तर कमिटीमा उपाध्यक्ष सर्मिला पौडेल, सचिवमा भुपराज अधिकारी, उपसचिवमा टिकाराम नेपाली, सन्तोष केसी, खड्काराज



सुवेदी लगायत १ सय ५१ सदस्यीय कमिटी गठन गरिएको थियो ।

नेकपा (एकीकृत समाजवादी) पाटी गठन भएपछि सोही कमिटीलाई रुपान्तरण गरेर ४९ सदस्यीय सचिवालय कमिटी निमार्ण गरिएको अध्यक्ष भट्टराईले बताए । समिति गठन पछि बसेको सचिवालयको बैठकमा हरिनास गाँउपालिका वडा नम्वर ७ का जनप्रतिनिधि रहेका ऋषिराम लम्साल सहित दर्जनौ नेता नेकपा (एकिकृत समाजवादी) पाटीमा प्रवेश गरेको जनाएको छ ।

जिल्लाका स्थापित भइसकेका नेताहरु समाजवादीमा समाहित भएको बताइएको छ । जिल्ला कमिटी रुपान्तरण कार्यक्रम सगै धेरै नेता तथा कार्यकर्ता समाजवादीमा समाहित भएपछि केपी ओलीले नेतृत्व गरेको नेकपा एमालेलाई ठुलो धक्का पुगेको दावी उनीहरुको छ । बैठकले जिल्लाका ११ ओटै स्थानीयतहमा समिति गठन गर्ने, पार्टीका भावी योजनाहरु गाँउ गाँउमा पुर्याउने र पार्टीलाई संगठित बनाउन महत्वपुर्ण भुमिका खेल्ने निर्णय गरेको पार्टीका उपसचिव टिकाराम नेपालीले जानकारी दिए । निर्वाचन आयोगले भदौ २२ गते सम्म पार्टी रोज्न समय दिएकाले नेकपा(एस) पार्टीमा अझै प्रवेश गर्ने विश्वास लिइएको छ ।

# कास्कीमा काँग्रेसको वडा अधिवेशन भदौ १८ मा

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौ

नेपाली काँग्रेसको १४ औं महाधिवेशन अन्तर्गत कास्कीका वडाहरुको अधिवेशन भदौ १८ गते शुक्रबार हुने भएको छ ।

कास्की काँग्रेसका पदाधिकारी र निर्वाचन समितिको मङ्गलबारको संयुक्त बैठकले अधिवेशन पूर्व निर्धारित मिति भदौ १८ मा नै गर्ने गरी तयारी शुरु गर्ने निर्णय गरेको प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो ।

निर्वाचनको तयारीका लागि कास्कीका निर्वाचन अधिकृत आर.सी विमल(रामचन्द्र पौडेल) मङ्गलबार पोखरा आउनु भएको छ । सबै वडाहरुमा भदौ १७ गते बिहीबार साँझसम्ममा मतदान अधिकृत र निर्वाचन सामग्री पुग्ने छ । बैंठक कास्की काँग्रेसका सभापति कृष्ण केसीको अध्यक्षतामा भएको थियो । कास्कीका ७२ वडाबाट यसपटक दुई हजार १९ जना क्षेत्रीय प्रतिनिधि चयन गर्नेछ ।

# पुलको जग नै भत्किन थालेपछि त्रास बढ्यो

पोखरापत्र संवाददाता
गण्डकी, १५ भदौ

वर्षासँगै खोलाले गरेको कटान र माटो खस्ने क्रम बढेपछि कास्कीको पोखरा महानगरपालिका-३२ मालेपाटन र तनहुँको शुक्लागण्डकी नगरपालिका-१ सेराबैंसी जोड्ने झोलुङ्गे पुलको जग नै भत्कन थालेको छ ।

गत वर्षदेखि नै जोखिममा परेको सो पुललाई समयमा नै व्यवस्थापन तथा मर्मत नगर्दा पुलको जग नै भत्कन थालेपछि आवतजावतमा समेत असहज भएको छ । सेराबैंसी युवा क्लबका पूर्व अध्यक्ष एवं सेराबैंसी टोल विकास संस्थाका सचिव किशोर घिमिरेका अनुसार केही दिनयताको लगातारको वर्षासँगै कटान र माटो झर्ने क्रम निरन्तर हुँदा पुलको मालेपाटनतर्फको जग नै धरापमा परेको छ । जग नै भत्कन थालेपछि आवतजावत गर्नसमेत त्रास भएको बताउँदै उहाँले यसतर्फ तत्काल राज्यको ध्यान पुग्नुपर्ने बताउनुभयो । हरेक वर्ष खोलाले पुलको किनारा कटान गर्दै गएको भए पनि यसतर्फ खासै चासो नदिएका कारण थप जोखिम बढेको जानकारी दिँदै उहाँले जोखिमका बाबजुद विकल्प नै नभएपछि सर्वसाधारण आवतजावत गर्न बाध्य भएको बताउनुभयो ।

नौलो घुम्ती नेपालको प्राविधिक सहयोगमा विसं २०७४ मा निर्मित पुलको लम्बाइ ११९ मिटर छ । कूल रु ४१ लाख २५ हजार ५२८ लागतमा बनेको पुल बर्सेनि फुस्रेखोलामा अविरल वर्षासँगै आएको बाढीले कटान गरेपछि जोखिममा पर्दै गएको हो । कास्की पोखराको मालेपाटनका साथै तनहुँको शुक्लागण्डकीका सेराबैंसी, आरुस्वाँरा, सिम्ले, नयाँ गाउँ, थप्रेकलगायतका स्थानका बासिन्दाका लागि आवतजावतमा बहुउपयोगी बनेको पुल जोखिममा परेका कारण तत्काल अन्य वैकल्पिक उपायको खोजी हुनु अपरिहार्य भएको उहाँको भनाइ छ । कास्कीको मालेपाटनतर्फको पुलको जगमा धेरै समस्या देखिएको बताउँदै उहाँले यस सम्बन्धमा कास्कीको पूर्वाधार विकास कार्यालयका साथै सम्बन्धित जनप्रतिनिधिलाई समेत जानकारी गराइएको शुक्लागण्डकी नगरपालिका-१ का वडाध्यक्ष रवीचन्द्र पौडेलले जानकारी दिनुभयो । पुलको अभावमा मालेपाटनका साथै तनहुँका सेराबैंसीलगायतका यस क्षेत्रका बासिन्दा प्रत्यक्ष प्रभावित हुने भएकोले यसतर्फ बेलैमा सबैको ध्यान जानु आवश्यक भएको उहाँले बताउनुभयो ।

# नेपाली पत्रकारिता तथा सञ्चार उद्योगमा कोभिडको असर विषयक राष्ट्रिय गोष्ठी

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौ

नेपाल प्रेस इन्स्टिच्यूट काठमाण्डौंको आयोजनामा मंगलबार दूर प्रविधिमार्फत् कोभिड–१९ले नेपाली पत्रकारिता तथा सञ्चार उद्योगमा पारेको असरबारे राष्ट्रिय स्तरको गोष्ठी सम्पन्न भएको छ ।

दूर प्रविधि मार्फत् भएको उक्त गोष्ठीमा कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले– अन्तरक्रियामा उठेको सवाललाई नेपाल प्रेस इन्स्टिच्यूटको रिपोर्टको आधारमा सम्बोधन गरिने कुरा बताउनु भएको छ । कोभिडको बेला समाचार कम हुन थालेको र पत्रिकाहरु बन्द हुन थालेकोमा आफू चिन्तित रहेको कुरा व्यक्त गर्नुभयो । साथै, कोभिडको बेलामा पनि सूचना समाचार प्रसारण गरेर योग्दान दिनुभएकोमा सञ्चारकर्मीलाई सम्मान व्यक्त गर्नुभयो ।

कार्यक्रमका मुख्य अतिथि तथा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले– कोभिडले सञ्चारलाई मात्रै होइन संसारलाई असर पारेको कुरा उठाउँदै हामी कोभिड सँगसँगै पत्रकारिता गर्नुपर्ने देखिएको कुरामा जोड दिनुभयो । कोभिडको जोखिमपूर्ण अवस्थामा पनि मिडियाले आफ्नो दायित्वबाट विमुख नभई संकटको बेला सूचनाको संकट आउन नदिनको लागि सूचना प्रवाह गरेर योग्दान दिएका सञ्चार माध्यम, सञ्चार क्षेत्र र सञ्चारकर्मीलाई राज्यले छुट्टाछुट्टै सम्बोधन गर्नुपर्ने कुरामा जोड दिनुभयो । अस्वस्थ पत्रकारले स्वस्थ पत्रकारिता गर्न त्यसैले आफू सुरक्षित रहेर पत्रकारिता गर्नको लागि अध्यक्ष पोखेलले पत्रकारहरुलाई सुझाव दिनुभयो । एनपीआई का पूर्व अध्यक्ष वरिष्ठ पत्रकार ध्रुवहरी अधिकारले समाचारको विश्वसनियतामा खडेरी आएको कुरा बताउनु भयो । आग्रह र पूर्वाग्रहको आधारमा सामाजिक सञ्जालमा आएको कुराको आधारमा समाचार आइरहेको कुरामा पनि चिन्ता व्यक्त गर्नुभयो । नेपाल सरकारले बजेटको केही अंश पत्रकार र पत्रकारिताको लागि पनि छुट्याउनेतर्फ ध्यानाकर्ष गराउनु भयो । उक्त अन्तरक्रिया कार्यक्रममा नेपाल पत्रकार महासंघका प्रदेश १ का अध्यक्ष लिला बल्लभ घिमिरे, प्रदेश नम्बर २ का अध्यक्ष राजेश कर्ण, गण्डकी प्रदेशका अध्यक्ष नारायण शर्मा, सुदुर पश्चिम प्रदेशका अध्यक्ष योगेश रावल लगायतले आ–आफ्नो प्रदेशको पत्रकार र सञ्चार क्षेत्रमा कोभिडले पारेको असरको बारेमा मन्तव्य राख्नु भएको थियो ।

नेपाल प्रेस इन्स्टिच्यूट (एनपीआई) का कार्यवाहक अध्यक्ष मन्टेश्वरी राजभण्डारीको सभापतित्व तथा प्रमुख अतिथि नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव बैकुण्ठ अर्याल, मुख्य अतिथि नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेल, एनपीआई का संस्थापक तथा वरिष्ठ पत्रकार भारतदत्त कोइराला, एनपीआई का पूर्व अध्यक्ष तथा वरिष्ठ पत्रकार ध्रुवहरी अधिकारी, एनपीआई का पूर्व अध्यक्ष तथा वरिष्ठ पत्रकार तिर्थ कोइराला, प्रेस काउन्सिल नेपालका झविन्द्र भुषाल, प्रेस काउन्सिलका पूर्व कार्यवाहक अध्यक्ष, गोपाल बुढाथोकी, आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, प्रादेशिक सञ्चार प्रतिष्ठान प्रदेश नम्बर १ का कार्यकारी निर्देशक यज्ञशर्मा, वरिष्ठ पत्रकार पूण्य पौडेल, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सूचना अधिकारी संगिता ओझा लगायत देशभरीबाट ६० जना भन्दा बढी सञ्चार सम्बद्धको सहभागिता रहेको थियो ।

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अनुदान सहयोगमा सञ्चालन भएको कार्यक्रममा कार्यक्रमको उद्देश्य तथा स्वागत एनपीआई का महासचिव लक्ष्मणप्रसाद उप्रेती तथा धन्यवाद कार्यक्रमका सभापति तथा एनपीआईका कार्यवाहक अध्यक्ष मन्टेश्वरी राजभण्डारीले दिनुभएको थियो । एनपीआईका तालिम संयोजक तथा वरिष्ठ पत्रकार कपिल काफ्लेले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा एनपीआईका पदाधिकारी तथा एनपीआई का नेपालगञ्ज क्षेत्रीय कार्यालय र विराटनगर क्षेत्रीय कार्यालयका प्रमुख तथा पदाधिकारीहरुको समेत सहभागिता रहेको थियो ।

## एक हजार...

६६४ जनामा सङ्क्रमण देखिएको हो । नौ हजार ११७ पिसिआर र तीन हजार १०५ एन्टिजेन परीक्षण गरिएको थियो । तीमध्ये पिसिआर परीक्षण गर्दा एक हजार ५२३ र एन्टिजेनबाट १४१ जना सङ्क्रमित भएका हुन् ।

हाल ३५ हजार ५९१ सक्रिय सङ्क्रमित रहेका छन् । अहिलेसम्म ५०० भन्दा बढी सङ्क्रमित हुने जिल्ला २० वटा रहेका छन् ।

यस्तै सङ्क्रमणबाट निको भई आज एक हजार ७८६ जना घर फर्किएका छन् । अहिलेसम्म सात लाख १६ हजार ३०६ जना निको भई घर फर्किएका हुन् । नेपालमा निको हुने दर ९३.९ प्रतिशत रहेको छ । यस्तै सङ्क्रमणबाट विगत २४ घण्टामा २० जनाको ज्यान गएको छ । अहिलेसम्म १० हजार ७५० जनाको सङ्क्रमणबाट ज्यान गएको छ । नेपालमा प्रति दश लाखमा ३६२.३ जनाको सङ्क्रमणका कारणले निधन हुने गरेको छ । यस्तै ६३७ जना सघन उपचारकक्ष (आइसीयू), १६४ जना भेन्टिलेटर, ३३ हजार २१४ जना होम आइसोलेशन, दुई हजार ३७७ जना संस्थागत आइसोलेशन र ३२९ जना क्वारेन्टिनमा रहेका छन् । नेपालमा सङ्क्रमणको दर १९.५ प्रतिशत रहेको छ ।

## आयुर्वेद...

कमीका कारण सँधै ओझेलमा परेको भनाइ उनको थियो । कोभिड महामारीमा आयुर्वेद चिकित्साको महत्व असाध्यै बढेको भन्दै उनले योग, प्राणायमका साथै गुर्जोको प्रयोग बढ्दै जानुले आफूहरु उत्साही रहेको भनाइ राखे । कार्यक्रममा आयुर्वेद तथा वैकल्पिक चिकित्सा महाशाखा प्रमुख डा. मुनकर्ण थापाले संघीय सरकारको सशर्त अनुदानबाट विभागले अहिले वार्षिक रुपमा १८ वटा कार्यक्रम सञ्चालन गर्दै आएको बताए । हाल ३ सय पालिकामा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा रहेकामा अब विस्तारै बढाउँदै लैजाने जनाए । 'निरोगी नेपाल' को नारालाई साकार पार्न ३ तहकै सरकारको सहकार्य जरुरी रहेको उनको भनाइ थियो । ३ दिनसम्म चल्ने उक्त कार्यक्रममा गण्डकी र बागमती प्रदेशका आयुर्वेद कार्यालयका प्रमुखहरु सहभागी छन् ।






# इपिएल विजेताले ५० लाख पाउने

रासस
काठमाडौं, १५ भदौ

चौथो संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल) टी–ट्वान्टी क्रिकेट प्रतियोगिताको विजेता टोलीले रु ५० लाख प्राप्त गर्ने भएको छ ।

आगामी असोज ९ देखि २३ गतेसम्म चल्ने उक्त प्रतियोगिताको विजेताले रु ५० लाख तथा उपविजेताले रु १५ लाख प्रदान गर्ने आयोजक इपिएल प्रालिले जनाएको छ । खेल कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुनेछ ।

यस संस्करणको खेलमा इपिएलले पुरस्कार राशिमा दोब्बर वृद्धि गरेको छ । अघिल्लो संस्करणको विजेता टोलीले रु २५ लाख तथा उपविजेताले रु १० लाख प्राप्त गरेको थियो । अघिल्लो संस्करणको फाइनल खेलमा ललितपुरले भैरहवालाई पराजित गर्दै उपाधि जितेको थियो ।


प्रतियोगितामा विभिन्न छ शहरका फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन् । जसमा साविक विजेता ललितपुर प्याट्रीयट्ससँगै काठमाडौं किङ्स इलाभेन, पोखरा राइनोज, चितवन टाइगर्स, भैरहवा ग्ल्याडियटर्स र विराटनगर वारिवर्सले प्रतिस्पर्धा गर्नेछन् ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# मन्त्रिपरिषद विस्तारमा विलम्ब

पाँचौ पटक प्रधानमन्त्री बनेका शेरबहादुर देउवा मुलुकको कार्यकारी तहको जिम्मेवारी सम्हालेको पनि ५० दिन पुगिसकेको छ। असार २८ गते सर्वोच्च अदालतले देउवालाई प्रधानमन्त्री नियुक्ति गर्ने परमादेश दिएको थियो । सर्वोच्चको परमादेशबाट २९ असारमा गठबन्धन सरकारको प्रधानमन्त्रीमा शपथ लिएका देउवाले मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेका छैनन् । एक महिनाभित्र लिनुपर्ने विश्वासको मत भने देउजाले ३ साउनमै लिइसकेका थिए। गठबन्धन सरकार बनेको यतिका दिनसम्म पसरकार विस्तार हुन नसक्नु एमालेलाई विभाजन गराउन समय लागेको थियो। विभाजनपछि विस्तारमा ढिलाइ हुनु भनेको 'भागबण्डा' नमिल्नु नै हो । गठबन्धन दलबीच पातलो बैठक हेर्दा मन्त्रिपरिषद्ले पूर्णता पाउन अझै केही दिन लाग्ने देखिन्छ।

सरकार निर्माण र सञ्चालनका विषयमा गठबन्धन नेतृत्व तहमा रहेका नेताहरू लगातार छलफल गरे पनि निर्णयमा पुग्न सकिरहेका छैनन् । प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् पूर्णता दिने विषयमा गठबन्धनका शीर्ष नेताहरूसँग बालुवाटारमा पातलो छलफल गरिरहेका छन् । तर उनी अझै निर्णयमा पुग्न सकेका छैनन् । दलहरूको आन्तरिक झमेलाका कारण त्यसको असर मन्त्रिपरिषद् विस्तारमा परेको छ। जनतालाई सेवा दिन, राष्ट्र्यिताको जगेर्ना गर्न र विकासका लागि सरकार बनेको होइन भन्ने ब्यवहारले देखाएको छ।

प्रतिनिधिसभाबाट विश्वासको मत छापामार शैलीबाट लिएका प्रधानमन्त्री देउवाले सरकार संचालनमा चिप्लेकिरा शैली अपनाएका छन । काङ्ग्रेस र माओवादी केन्द्रले पाउने मन्त्रालयमा मन्त्री नियुक्त गर्ने कुनै समस्या थिएन। काङ्ग्रेसको संस्थापन इतर पक्षले चाँडो मन्त्री नियुक्त गर्ने प्रधानमन्त्रीलाई सुझाव दिएको छ । माओवादी केन्द्रले मन्त्री छान्ने जिम्मा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई दिएको छ। माधवकुमार नेपालीको एकीकृत समाजवादीले पनि मन्त्री छान्ने जिम्मा नेपाललाई दिएको छ। तीन शिर्ष नेतालाई जनता समाजवादी पार्टी (जसपा)ले पाउने भाग छुट्ट्याएर मन्त्री नियुक्त गर्ने कुनै समस्या देखिदैन।

नदिने बज्यै सात बारै बार्छिन जस्तो गरि कहिले जसपाका नेता नभएको भन्ने कहिले माधवकुमार नेपालको दल दर्ता प्रक्रिया टुंगिएको छैन भन्ने जस्ता कार्यले पनि ढिलाइ भएको छायतिबेला देउवा महन्थ ठाकुर नेतृत्व दललाई सरकारमा ल्याउने पक्षमा छन् भने दाहाल र नेपाल उनलाई रोक्ने पक्षमा छन् । अन्य शक्तिले खेल्ने कार्ड उपेन्द्र यादव समूह र महन्थ ठाकुर समूह भनेर नै हो, यतिबेला । 'सरकारसम्बन्धी केही विषयमा सैद्धान्तिक सहमति जुटाएमा मन्त्रालयको विषय त चार/पाँच घण्टामा नै टुंगिनेछ । सबै नेतालाई आ-आफ्नो मानसिलाई मन्त्री बनाउनैपर्ने बाध्यताले आकांक्षी सांसद व्यवस्थापन गर्न नै असहज भएको छादेउवालाई सरकार विस्तार गर्दा कसलाई लैजाने/नलैजाने भन्ने विषय पार्टीभित्रै असहज छ।

त्यसैले पार्टी मिलाउने कि सरकार मिलाउने देउवालाई यतिबेला मुलुकको कार्यकारी पद पनि निल्नु न ओकल्नु झैँ भएको छ। एक अर्कामा कसलाई मन्त्री बनाउने र मन्त्रालय भागबण्डा गर्ने कुरा निमिल्दा अझै उनी चार जना मन्त्री र एक राज्यमन्त्रीको साथमा अघि बढेका छन् । सबै महत्वपूर्ण मन्त्रालय यतिबेला प्रधानमन्त्री देउवासँगै छ। यस्तो अवस्थामा देउवाले कसरी मुलुक चलाउँछन् भन्नेमा सबै अन्यौलमा छन् । एमालेलाई कसरी सरकार चलाउनु पर्छ देखाउने चुनौती दिनेहरुलाई मुख छोप्नुपर्ने अवस्था आउनु काङ्ग्रेसको लागि मात्र नभई देशकै लागि दुर्भाग्य हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : मानसिक तनाब |
| वृष | : झमेला बड्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : मन चञ्चल | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शत्रुको भय |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# घरमा आगलागी हुँदा दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**लमजुङ, १५ भदौ**

सेग्ले लमजुङ मर्स्याङ्दी गाउँपालिका-९ मा एक घरमा आगलागी हुँदा एक दम्पत्तिको मृत्यु भएको छ।

आगलागी हुँदा ५६ वर्षीय धर्मराज भण्डारी र उहाँकी श्रीमती ४५ वर्षीय पशुपति भण्डारीको गएराति जलेर मृत्यु भएको खुदी प्रहरी चौकीका हवल्दार उत्तम गुरुङले बताउनुभयो।

उहाँले भन्नुभयो, "आगलागीको कारण यही हो भन्न नसकिए पनि उनीहरू दुवै जना बढी मादक पदार्थ सेवन गर्ने र ग्यासबाट चुरोट सल्काउने गर्दथे । त्यही समयमा ग्यास लिग भएर आगलागी भएको हुनसक्छ । बढी मादक पदार्थ सेवन गर्ने गरेकाले १०/१५ दिनअघि मात्रै दुवै जना सुधार केन्द्रमा बसेर घर फर्किएका थिए।"

ढुङ्गामाटाका गाह्रो र जस्तापाताको छानो भएको धन्सार जस्तो एकतले घर जलेर नष्ट भएको छ। घरभित्र रहेका केही पनि सामान निकाल्न नभ्याएको प्रहरीले जनाएको छ। त्यहाँका घरहरू पनि टाढाटाढा छन्।

प्रहरीले ढिलो खबर भएकाले समयमै पुग्न नसकेको बताएको छ । के कति भौतिक क्षति भयो भन्नेबारे यकिन भइ नसकेको प्रहरी हवल्दार गुरुङको भनाइ छ। धर्मराज पूर्वगोरखा सैनिक रहेका स्थानीयको भनाइ छ।

# लण्डनमा नेपालीको गुम्बा

**रासस**
**काठमाडौं, १५ भदौ**

लण्डन शहरको दक्षिण पूर्वमा रहेका बुद्ध धर्म अनुयायी नेपालीले गुम्बा स्थापना गरेका छन्।

डायमण्ड बुद्धिष्ट सेन्टर नामक संस्थाको पहलमा बनेको उक्त गुम्बाको क्षेत्रफल एक हजार ६६८ स्क्वायर फीट रहेको सेन्टरका अध्यक्ष सुमलकुमार गुरुङले बताउनुभयो । कूल दुई लाख ८३ हजार ५०० पाउण्डमा खरिद गरिएको उक्त गुम्बाको भवनका लागि संस्थाले उठाएको रकममा थप अपुग भए पनि केही ऋण लिएर पूरा गरिएको बुद्धिष्ट सेन्टरले जनाएको छ। सन् २०१६ मा स्थापना गरेको यो संस्थामा स्थापना गर्दा केवल २१ जनाबाट गरिएको थियो तर हाल यस संस्थामा ४५१ जना आजीवन सदस्य र १४१ जना ट्रष्टी आबद्ध रहेको र उहाँहरूकै सामूहिक पहलमा यो काम सफल भएको अध्यक्ष गुरुङले बताउनुभयो।

गुम्बाको भवन भए पनि अझ गुम्बाका लागि लामा राख्ने र त्यसको व्यवस्थापन गर्न थुप्रै काम गर्न बाँकी रहेको अध्यक्ष गुरुङले बताउनुभयो । गुम्बाका लागि थप सामग्री र केही मूर्ति दाताबाट प्राप्त हुने बताइएको छ । गुम्बा खरिदका लागि रकम सङ्कलन गर्न संयोजकका रूपमा उपाध्यक्ष श्रीमती मीना गुरुङलाई तोकिएको र उहाँले थप सदस्य राखेर घरदैलो गरेर रकम सङ्कलन गर्न ठूलो भूमिका निर्वाह गर्नुभएको गुम्बा व्यवस्थापन समितिले जनाएको छ। देश विदेशमा रहेका ११० वटा गुम्बाको छाता सङ्गठनका रूपमा रहेको बौद्ध नेपाल तमु बौद्ध सङ्गठनबाट लामाको व्यवस्था भई सकेको र जसका लागि सन् २०१८ मै एफओयू गरेको र यसभित्र १७ आचार्य, चार जनाले बुद्ध धर्मकै विषयमाविद्यावारिधिगरेकोअध्यक्ष गुरुङले बताउनुभयो । प्रत्येक वर्ष बुद्धजयन्तीको अवसरमा लण्डनको लउइचदेखि प्लमस्डीडसम्म पदयात्रा गर्दै आइरहेको सेन्टरले जनाएको छ।

# आप्रवासन सहायता कक्ष

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ भदौ**

वैदेशिक रोजगारमा जान लागेका र फर्किएकाहरूलाई लक्ष गरेर बेनीमा आप्रवासन सहायता कक्ष सञ्चालन गरिएको छ । सुरक्षित आप्रवासन परियोजनाअन्तर्गत रिड नेपाल नामक संस्थाको सहयोगमा म्याग्दी सामुदायिक पुस्तकालयले कक्ष सञ्चालनमा ल्याएको हो।

वैदेशिक रोजगारसम्बन्धी परामर्श र समस्याको सहजीकरणका लागि पुस्तकालयको भवनमै उक्त कक्ष सञ्चालन गरिएको अध्यक्ष सन्तोष रावलले जानकारी दिनुभयो । "वैदेशिक रोजगारमा जान लागेका र त्यहाँबाट फर्किएकाहरूलाई कानुन, नीतिगत व्यवस्था र प्रक्रियाबारे परामर्श दिने उद्देश्यले सहायता कक्ष सञ्चालन गरिएको हो," उहाँले भन्नुभयो, "वैदेशिक रोजगारको नाममा हुने ठगी र मानव बेचबिखन रोकथाममा सघाउनाका साथै समस्यामा परेकाका तर्फबाट सम्बन्धित निकायमा उजुरी र कानुनी उपचारमा सहजीकरण गरेका छौँ ।" गत वैशाख महिनादेखि सञ्चालन ल्याइएको कक्षमा हालसम्म ५००भन्दा बढीले परामर्शलगायत विभिन्न सेवा पाएका छन् । कक्ष सञ्चालन गर्न पुस्तकालयले एक कर्मचारी नियुक्त गरिएको छ । वैदेशिक रोजगारमा जाने धेरैले परामर्श गर्ने भएकाले कक्ष प्रभावकारी बनेको कर्मचारी कमला पौडेलले बताउनुभयो।

सहायता कक्षमा वैदेशिक रोजगारसम्बन्धी उपयोगी पुस्तक, पर्चालगायत अध्ययन सामग्री छ। विसं २०६८ को जनगणनाअनुसार जिल्लाका २५ हजारभन्दा बढी नागरिक रोजगारीका लागि विश्वका विभिन्न देशमा गएका देखिन्छ । यो सङ्ख्या र कानुनी प्रक्रिया पूरा गरेर वैधानिक बाटो भइ विदेश जानेको हो । पछिल्लो समय अवैध बाटो भएर, धेरै खर्च र जोखिम मोलेर अमेरिकालगायत युरोपेली मुलुक जाने क्रम बढेको बताइन्छ । उनीहरूले वार्षिक रु पाँच अर्बको हाराहारीमा विप्रेषण पठाउने गरेका छन्।

यसैबीच पुस्तकालयले जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा स्थापित पुस्तकालयलाई आज पुस्तक उपलब्ध गराएको छ । चौधौँ पुस्तकालय दिवसका अवसरमा अध्यक्ष रावलले प्रजिअ गणेशबहादुर अधिकारीमार्फत प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङलाई विभिन्न विधाका ३० थान पुस्तक र मास्क प्रदान गर्नुभयो।

जिल्लाको एक मात्र सुविधासम्पन्न सामुदायिक पुस्तकालय विसं २०२७ मा स्थापना भएको थियो । विभिन्न विधाका १० हजार पुस्तकसहित बाल, सङ्गीत र खेलकक्ष रहेको पुस्तकालयलाई ऋणमुक्त बनाएर नेतृत्व हस्तान्तरण, सामाजिक गतिविधिसँगै हाइटेक पुस्तकालय बनाउन लागिएको उहाँले बताउनुभयो।

# मनाङमा बाढी : विद्यालयबाट खोला बग्यो, पठनपाठन अन्योल

**-नवीन लामिछाने**
**मनाङ, १५ भदौ (रासस)**

बाढीपहिराले मनाङका भौतिक संरचनामा पूर्ण रूपमा क्षति पुगेको छ। यसका कारण बालबालिका शिक्षाको अधिकारबाट पनि वञ्चित भएका छन् । गत असार १ गते मर्स्याङ्दी नदीमा आएको बाढीले मनाङका २८ विद्यालयमध्ये चार विद्यालयमा क्षति पुगेको छ।

जिल्लाका चार माविमा मनाङ डिस्याङ गाउँपालिका-६ मनाङ गाउँस्थित अन्नपूर्ण मावि मात्रै बाढीबाट जोगिएको शिक्षा विकास तथा समन्वय एकाइ मनाङका प्रमुख नारायणप्रसाद रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार तीन माध्यमिक र एक आधारभूत विद्यालयमा धेरै क्षति पुगेको छ। यी विद्यालयहरूमा पठनपाठन गराउन सक्ने अवस्था नरहेको उहाँ बताउनुहुन्छ । जिल्लाका नमूना विद्यालयका रूपमा रहेको लोकप्रिय मावि र प्रकाश ज्योति माविको आधा भाग बाढीले बगाएको छ भने पठनपाठन गर्न सकिने अवस्था नरहेको रेग्मीले बताउनुभयो । नासों गाउँपालिका-१ ताल गाउँस्थित भानु माविमा हालसम्म पनि मर्स्याङ्दी नदी बगिरहेको छ । ताल गाउँको बस्तीसँगै विद्यालय पनि पूर्ण रूपमा जोखिममा छ । चारवटा मात्रै मावि रहेको मनाङका विद्यालयमा खोला पसेपछि विद्यार्थीको भविष्य अनिश्चित बनेको शिक्षाप्रमुख रेग्मीले बताउनुभयो। "कोरोनासँगै बाढीपहिराको जोखिममा रहेका बालबालिकाको पढाइ सुनिश्चित गर्न सम्बन्धित निकायसँग बारम्बार समन्वय गरिरहका छौँ, बस्ती नै जोखिम रहेको र स्थानान्तरण गर्नुपर्ने भएकाले विद्यालयको भौतिक संरचना कहाँ बनाउने यो विषयमा छलफलकै प्रक्रियामा रहेको छ," रेग्मीले भन्नुभयो। विद्यालयमा अझै पनि नदी बगिरहेको छ, अब बस्ती जता स्थानान्तरण हुन्छ त्यतै बालबालिकाको पठनपाठन गर्ने स्थान पनि निश्चित हुने अपेक्षा गरिएको भानु माविका प्रधानाध्यापक श्यामकृष्ण पन्तले जानकारी दिनुभयो । "विद्यालयको भवन हुँदा पठनपाठन रोकियो, कोरोना भाइरसको सङ्क्रमणको जोखिम कम भएर पढाइ हुने बेला विद्यालय भवन नै बाढीले बगायो, अहिले विद्यालयको भवनमा खोला बगिरहेको छ, बालबालिकाको भविष्य र पठनपाठन के होला भन्न सक्ने अवस्था नै छैन," पन्तले भन्नुभयो।

त्यस्तै नासों गाउँपालिका-६ थोंचेस्थित डाँडाको टाकुरामा रहेको प्रकाशज्योति मावलाई एकतर्फ मस्याङ्दी नदी र अर्कोतर्फ दूध खोलाले क्षति पुर्‍याएको छ । १२ कक्षासम्म पढाइ हुने यस विद्यालयमा पठनपाठनका लागि मर्स्याङ्दी नदीमाथिको झोलुङ्गे पुलमार्फत जानुपर्ने भए पनि बाढीले पुल बगाएपछि विद्यालयसम्म पुग्नसमेत सकस भएको विद्यालयका प्रधानाध्यापक पदमराज पन्थीले बताउनुभयो । "छात्रावासमा बालबालिका राख्न सक्ने अवस्था नै छैन, पहिराको जोखिममा कति बेला परिन्छ विद्यालय ढुक्क हुनसक्ने समय छैन, यस्तो अवस्थामा बालबालिकाको भविष्य निर्धारणका लागि सम्बन्धित निकायले समयमै सचेत हुनुपर्छ," प्रधानाध्यापक पन्थीले भन्नुभयो, "शिक्षक र विद्यार्थी बस्ने स्थान नै सुरक्षित छैन, कहाँ राखेर पठनपाठन गराउने भन्ने हामी पनि चिन्तित छौँ, विद्यार्थी र शिक्षक नै विद्यालयसम्म पुग्न सक्ने बाटो छैन, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घसँग समन्वय गरी समाधान गर्ने प्रयत्नमा छौँ ।" सदरमुकामस्थित चामे गाउँपालिका-४ स्थित नमूना विद्यालय लोकप्रिय माविको मर्स्याङ्दी नदीमा आएको बाढीले पूर्ण रूपमा क्षति पुगेको छ । छात्रावास सहितको विद्यालयको एक चौथाइ भाग मात्रै बाँकी रहेको छ। कम भाग मात्रै बाँकी रहेको विद्यालयमा राखेर विद्यार्थीको पठनपाठन अगाडि बढाउन सक्ने अवस्था छैन।

"बाढीको कटानले विद्यालय भवनको एक चौथाइ बाँकी छ, शैक्षिकसत्रको अन्तिम अन्तिमतिर आइसकेका छौँ, कोरोना कहरले शिक्षा क्षेत्रमा धेरै नोक्सान पुर्‍याएकामा अहिले बाढीपहिराले पनि जोखिम थपिदियो, विद्यार्थीहरूलाई कोरोनाको खोप दिएर पठनपाठन थाल्न सरकारबाट नै आदेश भएमा कहाँ राखेर कक्षा सञ्चालन गर्ने भन्ने चिन्ताको विषय बनेको छ," लोकप्रिय माविका प्रधानाध्यापक कृष्णदास कोइरालाले भन्नुभयो । कोरोनाले थलिएको मनाङको शैक्षिक क्षेत्रमा बाढीले झन् थिलथिलो बनाएको उहाँले बताउनुभयो । बाढीपहिराका साथै कोरोना कहर न्यूनीकरण हुँदै जाँदा बालबालिकाको भविष्य निर्माणका लागि पठनपाठन सञ्चालन गर्नुपर्ने हुन्छ तर विद्यालयका भवन नै बाढीपहिराले बगाएपछि मनाङका धेरै विद्यार्थीहरू शिक्षाबाट वञ्चित हुनेछन्।

**वैकल्पिक अध्ययन केन्द्रको खोजी**

मनाङको शैक्षिकसत्र सकिने बेलामा सरकारले पठनपाठन गराउन आदेश दिने सम्भावना बढेको छ। यस्तो अवस्थामा मनाङका बालबालिकाले भने पठनपाठनका लागि नै वैकल्पिक शिक्षालयको खोजी गर्न बाध्य भएका छन् । यहाँका विद्यालयको भौतिक संरचना बाढीपहिराले बगाएपछि विद्यार्थीहरूले छिमेकी जिल्लाका साथै राजधानी काठमाडौँ र प्रदेश राजधानी पोखरा छनौट गर्नुपर्ने भएको छ। मध्यम वर्गका विद्यार्थीहरूलाई जिल्लाबाहिर पठनपाठनका लागि केही सहज हुने भए पनि विपन्न वर्गका विद्यार्थीलाई सकस भएको स्थानीय अभिभावकहरू बताउँछन् । "बालबालिकालाई बाहिरी जिल्लामा राखेर पढाउन धेरै समस्या झेल्नुपर्छ।

विद्यालय खोज्नुपर्ने अवस्था हुन्छ। महङ्गा विद्यालयमा भर्ना लिने सम्भावना पनि कम छ । छात्रावासमा राखेर पढाउन सकिँदैन । भाडामा राखेर पढाउँदा बालबालिकालाई खाना, खाजा खुवाउने भन्ने चिन्ता बढेको छ । खोई कसरी बालबालिकाको भविष्य बनाउने भन्ने चिन्ताले सताउँछ । बाढीपहिराले धेरै समस्या थपिएको छ मनाङवासीलाई," अभिभावक जालमाया गुरुङ भन्नुहुन्छ। भैँडाच्याङ्ग्रा पाल्दै घरमै बनेको खाना खुवाएर छोराछोरीको पठनपाठन अगाडि बढाउन सजिलो भएको थियो। अब कता पढाउने ? कहाँ राख्ने भन्ने मनमा खेलिरहने गरेको उहाँले बनाउनुभयो । वैकल्पिक अध्ययन केन्द्रका लागि सरकरसँगै सम्बन्धित निकायले समयमा नै योजना निर्धारण गर्न सके मनाङवासीलाई सहज हुने थियो।

**स्थानीय सरकारको लगानी खोलामा**

मनाङका स्थानीय तहले शैक्षिक क्षेत्रको विकासका लागि चार वर्षदेखि गरेको लगानी खोलामा बगेको छ । देशमा सङ्घीयता आएपछि मनाङको स्थानीय सरकारले शैक्षिक गुणस्तर सुधार र वृद्धिका लागि गरेको लगानी एकै दिनको बाढीले सकिएको छ।

मनाङको शैक्षिक गुणस्तर खस्किँदै गएको अवस्थामा सङ्घीयता आएपछि स्थानीय सरकारले प्राथमिकताका साथ शैक्षिक सुधारका लागि योजनाबद्ध रूपमा विकासका योजना ल्याएका थिए । केही प्रगति पनि भएको थियो। पछिल्लो प्रकोपले गर्दा भौतिक संरचनामा क्षति पुर्‍याएको र स्थानीय तहको लगानी खेर गएको छ। विद्यार्थी सङ्ख्या कम हुँदा विद्यालयहरूलाई एकापसमा गाभेर शैक्षिकस्तर वृद्धि गरिएको थियो। स्थानीय तहले शैक्षिक क्षेत्रमा ठूलो लगानी गरेकामा अहिले बाढीपहिराले सबै नाश गरेको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताउनुभयो । "प्राथमिकतामा राखेर विद्यालयहरूलाई गाभेर गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले गरिएको लगानी पानीमा बग्यो । अब विद्यालय निर्माण गर्नका लागि मात्रै पनि चार वर्षदेखि गरिएको लगानीभन्दा बढी लाग्छ। स्थानीय तहलाई शैक्षिक क्षेत्रको भौतिक संरचना निर्माणमा लगानी जुटाउनै मुस्किल भयो," अध्यक्ष घलेले भन्नुभयो। स्थानीय सरकारले वर्षैपिच्छे विद्यालयको आवासीय विद्यालय निर्माण गरी मनाङका विद्यार्थीलाई सहज शिक्षा प्राप्त गर्ने वातावरण निर्धारण गरेको थियो तर गत असार १ गते आएको बाढीपहिराले अहिले केही पूर्ण क्षति भएर पठनपाठन गराउन सकिने अवस्थामा छैनन् भने केही विद्यालयमा भौतिक संरचनाको अभाव छ । त्यस्तै जिल्लाकै सबैभन्दा बढी क्षति भएको नासों गाउँपालिकाभित्रका तीनवटा विद्यालय पूर्ण क्षति भएका छन् । ती विद्यालय मर्मत र पुनःनिर्माणका लागि बजेट व्यवस्थापन गर्न सक्ने अवस्था गाउँपालिकाको मात्र छैन । शैक्षिक गुणस्तरीयता कायम भएका विद्यालय मर्स्याङ्दीमा आएको बाढीले क्षति पुर्‍याएपछि विद्यालय सञ्चालन गर्नै मुस्किल भएको नासों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले बताउनुभयो । उहाँका अनुसार टाढा-टाढाबाट आउने विद्यार्थीलाई सहज बनाउने उद्देश्यले आवासीय विद्यालय बनाइएको थियो।

**६ सय ८१ विद्यार्थी, शिक्षक एक सय ५२**

विकट हिमाली जिल्ला मनाङमा जनसङ्ख्याकै आधारमा विद्यार्थी रहेका छन् । जिल्लाका २८ विद्यालयमा अध्ययनरत ६ सय ८१ विद्यार्थी छन् । मनाङमा छात्रको तुलनामा छात्राको सङ्ख्या बढी रहेको शिक्षा विकास तथा समन्वय एकाइ मनाङका प्रमुख नारायणप्रसाद रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार २८ विद्यालयमध्ये चार माध्यमिक तह सञ्चालित छन् भने २४ आधारभूत विद्यालय रहेका छन्। मनाङका दुईवटा विद्यालयमा छात्रवाससहित आवासीय व्यवस्था गरिएको छ । जिल्लामा शिक्षकको सङ्ख्या भने एक सय ५२ रहेको छ।

# जीपी अस्पताललाई शववाहन प्रदान

**पोखरापत्र संवाददाता**
**तनहुँ, १५ भदौ (रासस)**

सूर्य नेपाल प्रालिले जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रलाई सोमबार शव वाहन उपलब्ध गराएको छ।

प्रालिका व्यवस्थापक बाबुराम कार्कीले प्रमुख जिल्ला अधिकारी सागर आचार्यलाई शव वाहनको साँचो हस्तान्तरण गर्नुभएको हो।

प्रजिअ आचार्यले अस्पतालका बोर्ड सदस्य शेषमणि आचार्य र निमित्त कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठलाई उक्त साँचो संयुक्तरूपमा हस्तान्तरण गर्नुभयो । जिल्लामै शव वाहन नहुँदा शव व्यवस्थापनमा समस्या भइरहेकाले आफूहरूले सामाजिक उत्तरदायित्व बहन गरेको प्रालिका व्यवस्थापक कार्कीले बताउनुभयो।

जिल्लामै शव वाहन नहुँदा कोभिडबाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनमा समस्या भएपछि यस कम्पनीसँग सहयोग माग गरिएको थियो भन्दै प्रजिअ आचार्यले यसबाट जिल्लाका १० वटै पालिकाकालाई सहज हुने बताउनुभयो।

अस्पतालका निमित्त कार्यकारी निर्देशक डा श्रेष्ठले शव वाहन नहुँदा जिल्लावासीले कठिनाइ भोग्नु परेको अवस्थामा आउँदा दिनमा सहज हुने चर्चा गर्नुभयो।

# खुल्न थाले विद्यालय

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ भदौ**

कोरोना सङ्क्रमण दर न्यून भएसँगै यहाँका विद्यालय खुल्न थालेका छन् । विद्यालयले जनस्वास्थ्य मापदण्ड अपनाएर भौतिक उपस्थितिमै पठनपाठन शुरु गरेका हुन् । कक्षागत रूपमा बार छुट्ट्याएर बालबालिकालाई पढाउन थालिएको ताराखोला गाउँपालिका-४ स्थित नेपाल माध्यमिक विद्यालयका प्रधानाध्यापक उमानाथ अधिकारीले बताउनुभयो ।"बालबालिकालाई कहिलेसम्म पढाइबाट वञ्चित गर्ने ?", उहाँले भन्नुभयो, ।

"महामारीको जोखिम कम भएका ठाउँमा विद्यालय खुलेका छन् ।"नेपाल माविमा पूर्वप्राथमिकदेखि कक्षा ५ सम्म आइतबार, मङ्गलबार, बिहीबार ६ देखि ९ सम्मको कक्षा सोमबार, बुधबार, शुक्रबार र कक्षा १० आइतबारदेखि शुक्रबारसम्म सञ्चालन भइरहेको छ । सानो उमेरका बालबालिकाका लागि अनलाइन कक्षा प्रभावकारी नभइरहेका बेला गाउँका विद्यालयले स्वास्थ्य सुरक्षालाई ध्यान दिँदै प्रत्यक्ष सिकाइविधि अपनाएका हुन् । दुर्गममा इन्टेर नेटको सहज पहुँच नहुँदा अनलाइन कक्षा सञ्चालनमा चुनौती छ ।

केही समय विद्यार्थीका घरघरमा पुगेर टोल शिक्षामार्फत सिकाइ सहजीकरण गरिए पनि त्यसलाई निरन्तरता दिन व्यवस्थापकीय कठिनाइ भएको प्रअ अधिकारीको भनाइ छ । कक्षाकोठाभित्र भौतिक दुरी कायम गर्ने, अनिवार्य मास्क लगाउने कुरामा भने कडाइ गरिएको उहाँले बताउनुभयो । गाउँपालिका अध्यक्ष प्रकाश घर्तीले कोरोना सङ्क्रमणको अवस्था हेरेर जोखिम नभएका ठाउँमा विद्यालय खोल्ने निर्णय गरिएको बताउनुभयो ।

"सङ्क्रमण बढेको स्थितिमा त खोल्ने कुरा भएन, जोखिम नभएका ठाउँमा जनस्वास्थ्यका मापदण्डपालना गरेर विद्यालय चलाउनुपर्छ", उहाँले भन्नुभयो । शिक्षकले कोरोना विरुद्धको खोप लगाएका कारण पनि प्रत्यक्ष सिकाइ सहजीकरणका लागि केही सजिलो भएको अध्यक्ष घर्तीले बताउनुभयो । गाउँपालिकाका अन्य विद्यालयले पनि स्थानीय अनुकूलता हेरेर विद्यालयमै प्रत्यक्ष पठनपाठनको प्रबन्ध मिलाएका छन् । कतिपयले तल्लो कक्षाका बालबालिकालाई भौतिक उपस्थितिमा र माथिल्लो तहकालाई अनलाइनमार्फत पढाइरहेका छन् । जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले भने अझैपनि विद्यालय सञ्चालनमा रोक लगाइरहेको छ । वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिन भनिए पनि गाउँका विद्यालयमा त्यो सम्भव हुन सकिरहेको छैन । बालबालिकाको पढाइ बिग्रने र शैक्षिक सत्र नै प्रभावित हुने देखिएपछि विद्यालय खोल्ने निर्णयमा स्थानीय तह पुगेका हुन् । तमानखोला गाउँपालिकाका शिक्षा शाखा प्रमुख पूर्णबहादुर घर्तीले सुरक्षा अपनाएर विद्यालय खोल्ने विषयमा योजना बनिरहेको बताउनुभयो । वैकल्पिक सिकाइ सहजीकरणलाई पनि प्रभावकारी बनाउन गाउँपालिकाले पहल थालेको उहाँको भनाइ छ । "सिकाइबाट बालबालिका वञ्चित नहुन भन्नेमा हामी सचेत छौँ, विस्तारै अब विद्यालय पनि खोल्नुपर्छ", प्रमुख घर्तीले भन्नुभयो । यहाँका अन्य स्थानीय तह पनि विद्यालय सञ्चालनको तयारीमा जुटेका छन् । शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख कुस्मराज उपाध्यायले महामारीको प्रकोप नभएको ठाउँमा पालो बाँडेर कक्षा चलाउनुपर्ने बताउनुभयो ।

कोरोनाको पहिलो लहर थामिएपछि केही समय खुलेका विद्यालय पुनः दोस्रो लहर भित्रिएसँगै गत वैशाखदेखि बन्द छन् । केही दिनयता यहाँ कोरोना सङ्क्रमितको सङ्ख्या घट्दो क्रममा छ । स्वास्थ्य कार्यालयका अनुसार हाल जिल्लामा कोरोनाका सक्रिय सङ्क्रमित जम्मा १७३ छन् जसमध्ये सबैभन्दा धेरै बागलुङ नगरपालिकामा ८४ सङ्क्रमित छन् भने तमानखोलामा सङ्क्रमण शून्य छ ।

# एम्बुलेन्स सञ्चालनका लागि ३० लाख सङ्कलन

**पोखरापत्र संवाददाता**
**तनहुँ, १५ भदौ (रासस)**

नेपाल रेडक्रस सोसाइटी दुम्सीकोट उपशाखा व्यास-१० ले थालेको सामुदायिक एम्बुलेन्स सञ्चालन अभियानमा करिब रु ३० लाख सङ्कलन भएको छ ।

गतवर्ष भदौ १९ गते नेपाल रेडक्रस सोसाइटी दिवसको दिन थालेको अभियानमा एक वर्षको अवधिमा उक्त रकम सङ्कलन गरी एम्बुलेन्स खरिद गरेको हो । उक्त अभियानअन्तर्गत हालसम्म रु २९ लाख नौ हजार ७७५ सङ्कलन भएको उक्त सोसाइटी उपशाखाले जनाएको छ । सङ्कलन भएको रकममध्ये रु १२ लाख ८७ हजार एम्बुलेन्स खरिद, बीमा र एसी जडानलगायत खर्च भएको उपशाखाका सभापति रामदत्त पौडेलले जानकारी दिनुभयो । बोलकबुलका केही रकम उठ्न बाँकी रहेकाले केही दिनपछि हुन गई रहेको सम्मान कार्यक्रममा उक्त सङ्कलन हुने विश्वास गरिएको उहाँले बताउनुभयो । उपशाखाले एम्बुलेन्स खरिद गरी सञ्चालन गर्न थालेपछि नेपाल रेडक्रस सोसाइटी दिवसकै दिन यही आउँदो भदौ १९ गतेबाट अर्थ सङ्कलन कार्य बन्द गर्न लागेको हो ।

सामुदायिक एम्बुलेन्स सञ्चालन अभियानमा सहयोग पुर्‍याउने व्यक्ति, सङ्घसंस्थालाई सम्मान तथा प्रमाणपत्रले सम्मान गर्ने कार्यक्रम तय गरिएको उपशाखाका सभापति पौडेलले जानकारी दिनुभयो । "जुन उद्देश्यको लागि आर्थिक सङ्कलन थालिएको थियो त्यो लक्ष्य पूरा भयो ।" उहाँले भन्नुभयो, "एम्बुलेन्स खरिद गर्दा खर्च भएको रकम बाहेक अरु रकम बैंकमा मुद्दती खातामा राखेर आउने ब्याजबाट एम्बुलेन्स सञ्चालन गरिनेछ ।"

उपशाखाले असारदेखि एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइसकेको छ । उक्त अभियानमा रु २५ हजारभन्दा बढी सहयोग गर्ने व्यक्ति तथा संस्थालाई उपशाखा र जिल्लाको सिफारिसमा प्रदेशले केन्द्र अनुमति लिएर प्रमाणपत्र प्रदान गरिने छ । उपशाखाले थालेको अभियानमा व्यक्ति तथा सङ्घसंस्था गरी १९२ वटाले आर्थिक सहयोग गर्नुभएको अर्थ सङ्कलन समितिका सचिव श्रीकृष्ण आचार्यले जानकारी दिनुभयो । वैशाख महिनादेखि एम्बुलेन्स सञ्चालन गर्ने लक्ष्य राखिएकोमा कोभिड-१९का कारण दुई महिना ढिलाइ हुन गएको उहाँले बताउनुभयो । उक्त अभियानमा रु एक लाखभन्दा बढी सहयोग गर्ने एयस्कर एक, रु २५ हजार बढी दिने बिशिष्ट व्यक्ति १० र संस्थागत सदस्य ११ जना रहेका छन् ।

अतिविपन्न परिवारलाई सम्बन्धित टोल विकास संस्थाको सिफारिसमा आवश्यक परेमा निःशुल्क सेवा उपलब्ध गराउने गरी एम्बुलेन्स तयारी अवस्थामा राखिएको सोसाइटीले जनाएको छ ।

# सगुनले प्रवासका नेपाली संघ संस्थासँग सहकार्य गर्ने

**–कृष्णप्रसाद शर्मा**
**काठमाडौं, १५ भदौ (रासस)**

नेपालीले अमेरिकामा स्थापना गरेको सामाजिक सञ्जालमा आधारित इ कमर्स कम्पनी सगुनले प्रवासका नेपाली सङ्घ संस्थासँग सहकार्य गर्ने भएको छ ।

सगुनले विश्वव्यापी नेपाली सङ्घ संस्थाका प्रतिनिधिसँग भर्चुअल माध्यमबाट अन्तर्क्रिया गर्दै उक्त जानकारी दिएको हो । कार्यक्रममा गैरआवासीय नेपाली सङ्घका विभिन्न मुलुकमा रहेका नवनिर्वाचित पदाधिकारी र प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा सगुनका संस्थापक कबिन सिटौलाले सगुनले कम्पनीको विस्तारसँगै प्रवासी नेपाली समुदायको पनि सेवा गर्ने उद्देश्यले सगुन फाउन्डेशनको स्थापना गरेको बताउनुभयो । सगुन फाउन्डेशनले समुदायलाई प्रत्यक्ष लाभ हुने खालका गतिविधिमा सामाजिक सङ्घ संस्थासँग मिलेर काम गर्ने बताउँदै सिटौलाले नेपालमा कल्याणकारी परियोजना सञ्चालन गर्दा सहकार्य गर्ने उद्देश्यले सगुनले गैआवासीय नेपाली सङ्घ (एनआरएनए) सँग एउटा समझदारी पत्रमा हस्ताक्षरसमेत भइसकेको र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कामका लागि प्रवासमा रहेका सबै नेपाली सङ्घ संस्थासँग सगुनले यस्ता सहकार्य गर्दै जाने नीति लिएको उहाँको भनाइ छ ।

सगुन फाउन्डेशनका अध्यक्ष तथा सगुनका ग्लोबल कोअर्डिनेटर सूर्य गुरुङले कर्पोरेट सामाजिक उत्तरदायित्वअन्तर्गत डायसपोरामा रहेका नेपाली सङ्घ संस्थालाई र विश्व सामाजिक कल्याणकारी कार्यमा सहयोग गर्नुपर्छ भन्ने उद्देश्यले १० लाख डलर बराबरको शेयर छुट्याएर फाउन्डेशनको स्थापना भएको हो । सबै नेपाली समुदायले अपनत्व गर्नसक्ने कम्पनी सगुन भएको बताउँदै उहाँले यसलाई सबैको साथ चाहिएका बताउनुभयो । उहाँले सगुन विस्तार हुँदै गएपछि नेपाली समुदायकै हितमा कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सगुनका टेकनिकल प्रोडक्ट कोअर्डिनेटर युवा सेडाईंले सगुनले आफ्ना प्रोडक्टहरूको लाइव डेमो गरेर संस्थाका प्रतिनिधिलाई देखाउनुका साथै नवीनतम फिचरहरू चाँडै सार्वजनिक गर्न लागेको जानकारी गराउनुभयो । सगुनका प्रोजेक्ट कोअर्डिनेटर डा. हरि दाहालले 'सगुन आइडिया ल्याब' विकास गर्ने योजना बनाइएको जानकारी दिनुभयो । जसअनुसार सगुनजस्ता नयाँ र फरक खालको आइडि°या लिएर आउने व्यक्ति वा संस्थालाई आफ्नो स्रोतअनुसार भविष्यमा सहयोग र सहकार्य गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो । सगुनका ग्लोबल फन्ड रेजिंग कोअर्डिनेटर तथा अस्ट्रेलिया कोअर्डिनेटर खेमराज पङ्गेनीले सगुन प्रगतिपथमा जोडतोडका साथ अगाडि बढिरहेको बताउनुभयो । सगुनले एकजमपलर कम्पनीसँग सहकार्य शुरु गरेको जानकारी दिँदै उहाँले अब सगुनले निनी आइपिओ निष्कासन बन्द गर्न लागेको स्पष्ट पार्नुभयो । उक्त अवसरमा वित्त विश्लेषक एवं सगुनका सल्लाहकार बोर्डका अध्यक्ष झकेन्द्र शर्माले सगुनको आर्थिक° अवस्था मज°बुत रहेको जानकारी गराउँदै भावी योजनाको मार्ग चित्र प्रस्तुत गर्नुभएको थियो ।

# २४७ फरार प्रतिवादी पक्राउ

**पोखरापत्र संवाददाता**
**वालिङ, १५ भदौ**

एक वर्षको अवधिमा स्याङ्जाका २४७ जना फरार प्रतिवादी पक्राउ परेका छन् । विभिन्न मुद्दामा कैद तथा जरिवानाको सजाय तोकिएकामध्ये गत आर्थिक वर्ष २०७७/७८ मा स्याङ्जामा उक्त सङ्ख्यामा फरार प्रतिवादी पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायब उपरीक्षक एवं प्रहरी प्रवक्ता राजेन्द्रप्रसाद अधिकारीका अनुसार विभिन्न घटना घटाई मुद्दा लागेका फरार प्रतिवादीलाई पक्राउ गरी कैद तथा जरिवानाको सजाय भुक्तान गराउने कार्यलाई तीव्रता दिएसँगै ठूलो सङ्ख्यामा प्रतिवादी पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय स्याङ्जासहित मातहतका जिल्लास्थित प्रहरी कार्यालयमार्फत खोजीकार्यलाई प्राथमिकता दिएसँगै ठूलो सङ्ख्यामा फरार प्रतिवादी पक्राउ परेका प्रवक्ता अधिकारीले बताउनुभयो । स्याङ्जा जिल्ला अदालतले फैसला सुनाएकामध्ये पक्राउ परेका फरार प्रतिवादी धेरैजसो सार्वजनिक अपराध, गाली बेइज्जत, कुटपिटका छन् ।

त्यस्तैगरी साधारण चोरी, लागुऔषध, वैदेशिक रोजगार कसुर, करकाप, सम्बन्धविच्छेद, सवारी ज्यान मुद्दा, नाता कायम, माना चामल, अंशबण्डा, चेक अनादर, हाडनाता करणी, अंश दर्ता, हातहतियार तथा खरखजाना, बहुविवाह, जालसाजी, जुवातास मुद्दामा कैद तथा जरिवाना तोकिएका फरार प्रतिवादी पक्राउ परेका हुन् । "प्रहरीको सक्रियता तथा विभिन्न गोप्य स्रोतबाट प्राप्त विशेष सूचनाका आधारमा फरार प्रतिवादीलाई पक्राउ गरी कानूनी दायरामा ल्याइएको छ" प्रहरी प्रवक्ता अधिकारीले भन्नुभयो, "देशका विभिन्न ठाउँमा लुकेर बसेका वा लामो समयपछि घर फर्किएका पक्राउ परेका छन् भने केही सङ्ख्यामा प्रतिवादी आफैँ सजाय भुक्तानीका लागि पनि आउने गरेका छन् ।"

जिल्लामा करिब एक हजारको हाराहारीमा फरार प्रतिवादी रहेकामध्ये हालसम्म ५०० भन्दा बढी पक्राउ परिसकेका प्रवक्ता अधिकारीले बताउनुभयो । उहाँका अनुसार फरार प्रतिवादीमध्ये केही देशभित्रै नरहेका र धेरैको मृत्युसमेत भइसकेकाले अब करिब १५० को हाराहारीमा प्रतिवादी फरार रहेका छन् । फरार रहेकाको खोजी तीव्र पारेसँगै पक्राउ पर्ने क्रम बढ्दै गएको छ । "विभिन्न आपराधिक मुद्दामा सहभागी भई फरार रहेका प्रतिवादीलाई पनि खोजी खोजी धेरै लामो समयपछि पनि पक्राउ गरेका छौँ" प्रवक्ता अधिकारीले भन्नुभयो, "ढिलोचाँडो वा कुनै न कुनै दिन फरार प्रतिवादी अवश्य पक्राउ पर्ने र तोकिएको कैद तथा जरिवाना तिर्नै कर लाग्छ ।" कानूनको नजरमा कोही पनि दोषी उम्कन नपाउने उहाँको धारणा छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जिल्लाभित्र तथा जिल्लाबाहिरका विभिन्न ठाउँबाट एकैदिन १११ फरार प्रतिवादीलाई पक्राउ गरेको थियो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्मः
वि. स. १९९८/११/१६ गते



स्वर्गारोहणः
वि.स. २०७८/०५/११ गते

**स्वः शान्तमाया (हरिमाया) तझ्या**

यस श्री बालगोपाल भजनकृतन सेवा समितिका सक्रिय, सालिन र मृदुभाषी कार्यकारी सदस्य **शान्तमाया (हरिमाया) तझ्या** को ८० वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले समितिलाई मर्माहत एवं स्तब्ध बनाएको छ । यस दुःखद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**अध्यक्ष**
**एवं**
**श्री बालगोपाल भजन कृतन सेवा समिति परिवार**
**(गौंडाको मुख) भद्रकाली चोक**
**पोखरा-१३**


# भरियाका भरमा नूनतेल

**रासस**
**बागलुङ, १५ भदौ**

जैमिनी नगरपालिका- १ कुश्मीशेराका खाद्यान्न व्यवसायी अशोक आचार्यले तीन दिनयाता दिनभर कुश्मा-कैया झोलुङ्गे पुलको बाटो खाद्यान्न ओसार्नुभयो । कैयातर्फ रहेको पिकअप भ्यान नभरिने बेलासम्म आचार्यले नूनतेल, चामल र दैनिक उपभोग्य वस्तु बोकेर पुलमा ओहोरदोहोर गरिरहनुभयो ।

आफूसँगै केही मजदुर लगाएर कुश्माबाट कैया पुर्‍याइएका सामान कैयादेखि भने सवारीले नै बोक्ने गरेका छन् । सडक सञ्जाल टुटेको जिल्लाको दक्षिणी बजार शेरा बजारमा भरियाको भरमा कालीगण्डकी तारेर केही दिनयता नूनतेल पुर्‍याइएको छ । असार १ गतेको भारी वर्षापछि बागलुङ नगरपालिका- १० को एक्लेसालमा गएको पहिरोले बागलुङ कुश्मीशेरा सडक बगायो । सोही दिन पहिरोको सिकार बनेको कालीगण्डकी करिडोर पनि राम्रोसँग मर्मत भएको छैन् । दक्षिण जोड्ने सबै सडक वर्षा, बाढी र पहिरोका कारण अवरुद्ध भएपछि कुश्मा-कैया अग्लो झोलुङ्गे पुलमा भरिया लगाएर व्यवसायीले बजारमा खाद्यान्न पुर्‍याएका हुन् ।


## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७८/०५/१६)

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासंग गर्नु भएको सम्झौता उल्लंघन गरी बस्नु भएको र पटक–पटक मौखिक, लिखित तथा मिति २०७८/०१/०३ मा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत सार्वजनिक सूचना जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै–दस्तुर रकम बुझाउनुहोला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति अनुसार संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपशिलः**

| सि.नं. | ऋणी सदस्यको नाम थर | धितो विवरण |
| --- | --- | --- |
| १ | प्रसाद गिरीको नाती उदौ गिरीको छोरा कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं.–८ घर भै हाल पोखरा म.न.पा. वडा नं. ८ बस्ने<br>**ऋणीः चन्दन गिरी** | चन्दन गिरीको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको साबिक छिनेडाडा गा.बि.स. वडा नं. ६ कित्ता नं. ३०७८७ को क्षेत्रफल ०–६–२–२ हाल साबिक भै आएको पोखरा उ.म.न.पा वडा नं. १७ कित्ता नं. १८५ को क्षेत्रफल १७४ ब.मी. को जगगा |

नोटः यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुलउपर गर्न संस्था बाध्य हुनेछ ।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालयः पोखरा-१०, बुद्धचोक, कास्की
फोन नं.: ०६१-५३८८३३